# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०२।२७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा, औरही गाउँपालिकाले "Construction of 15 Bed primary Hospital" बोलपत्र आह्वान कार्य अनुभवलाई संशोधन गरी ७ दिन म्याद थप गरेको र सो अनुभव नेपाल भरमा सिमित कम्पनीको मात्र भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आ.ब.२०७७/०७८ को स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नीति तथा कार्यक्रम अन्तर्गत स्वीकृत एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम बमोजिम जिल्ला धनुषा औरही गाउँपालिका वडा नं.२ स्थित देउरी परवाहामा १५ शैय्याको अस्पताल निर्माण गर्न रु.२४,४३,५२,६५०।- बराबरको लागत अनुमान तयार भई Construction of 15 Bed Primary Hospital को लागि Contract No. ARM/NCB/WORKS/06/2077/78 को बोलपत्र आव्हानको सूचना मिति २०७८।०१।१७ मा प्रकाशित भई बोलपत्र पेश गर्ने अन्तिम मिति २०७८।०२।१६ रहेकोमा प्रतिवादीहरुको मिलेमतोमा बदनियत राखी सोही मितिमा Key activities मा संशोधन गरी M35 interlock with multi cobble in multicolour having 60mm thick - 5100 sq.m. in single contract, Similar size and nature मा at least one hospital building सम्बन्धी काम गरेको हुनुपर्ने बिबरण राखी बोलपत्र पेश गर्ने म्याद २०७८।०२।२३ सम्म रहने गरी ७ दिन म्याद थप गरेको देखिएकोमा पुनः बोलपत्र पेश गर्ने समय मिति २०७८।०२।३१ सम्म रहने गरी ८ दिन म्याद थप गरेको देखिएको। यसरी Key Activities मा परिवर्तन/शंसोधन गरी गराई १५ वटा बोलपत्रदाताहरु मध्ये १३ वटा बोलपत्रदाताहरुको बोलपत्रलाई प्राविधिक मुल्यांकनमा असफल गरे गराएको, प्राविधिक मुल्याङकनमा सफल गरे गराएका लुम्बिनी/डि. एण्ड एन. जे.भी. र समानन्तर/बबुल जे.भी.ले दोस्रो पटक म्याद थप भएको अन्तिम समयमा मिति २०७८।०२।३० गते बोलपत्र पेश गरे गराएको देखिएको। सबै भन्दा कम रु.१२,३५,५०,२४८।८५ पेश गर्ने बोलपत्रदाता प्रतिष्ठा/धुलिखेल/एक्सिस एसियन जे.भी.लाई बोलपत्रमा उल्लेख भएको Key activities कारण प्राविधिक मुल्याङकनमा फेल गरी गराई उक्त रकम भन्दा बढी रकम रु.१९,१४,६२,६३२।८३ कवोल गर्ने लुम्बिनी/डि. एण्ड एन. जे.भी. लाई छनौट गरे गराएको। उक्त तथ्य निम्न तालिका नं.१ मा उल्लेख गरिएको छ।

तालिका नं.१

| क्र.सं. | निर्माण व्यवसायी | प्रस्तावित कबोल अंक (मू.अ.क बाहेक) | कैफित |
|---|---|---|---|
| १ | लुम्बिनी/डि. एण्ड एन. जे.भी. | रु. १९,१४,६२,६३२।८३ | ठेक्का प्राप्त गर्ने |
| २ | प्रतिष्ठा/धुलिखेल/एक्सिस एसियन जे.भी. | रु.१२,३५,५०,२४८।८५ | सबै भन्दा न्यूनतम रकम कबोल गर्ने |
| | **जम्मा हिनामिना हानिनोक्ससानी गरे गराएको रकम(१-२)** | **रू.६,७९,१२,३८३।९८** | |

**यसरी बोलपत्र पेश गर्ने अन्तिम मितिमा** Construction Experiences को Key Activities मा M35 Interlock with multi cobble in multicolour having **60**mm thick, **5100** sq.m. in a single contract भन्ने प्रावधान थप गरेको, Pre-Bid Meeting हुँदा बोलपत्रदाताहरूको उपस्थिति नदेखिएको, बोलपत्र सम्बन्धी कागजातमा कुनै कुरामा द्विविधा भई सो सम्बन्धमा स्पष्ट गर्न कुनै बोलपत्रदाताले अनुरोध गरेको पनि नदेखिएको, Key activity मा Interlocking Tile को कार्यानुभव माग्नु, Standard bidding Document (SBD) मा भएको प्रावधानहरुको प्रतिकुल रहेको, प्रतिवादीहरु उक्त Key Activities राख्ने निर्णयमा र मूल्याङ्कन समितिमा आफै बसेको देखिएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (३) बमोजिम "बोलपत्रदाता र प्रस्तावदाताको योग्यताको आधार तयार गर्दा कुनै खास वर्गका निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले मात्र भाग लिन पाउने वा कुनै खास वर्गका निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवाप्रदायकले भाग लिन नपाउने व्यवस्था गर्न सकिनै छैन" भन्ने समेतको ब्यहोराबाट कानूनी व्यवस्थाको प्रतिकूल काम कारवाही समेत गरेको देखिएकोले बोलपत्र पेश गर्ने सुरु देखि अन्तिम मिति सम्ममा बोलपत्र नै नपरेको अवस्था पनि नरहेको साथै तत्काल खरिद नगरे सार्वजनिक निकायलाई हानिनोक्सानी हुने वा सो निकायको कुनै काम रोकिने अवस्था समेत नदेखिएको हुँदा बोलपत्र प्रकाशन गर्ने सार्वजनिक निकायले बोलपत्र मूल्याङ्कनका आधार परिवर्तन गरी बोलपत्र पेश गर्ने अन्तिम दिन बोलपत्र संशोधन गर्नु पर्ने अवस्थासमेत नरहेको देखिएको अवस्थामा समेत प्रतिवादीहरुले आफूहरुलाई लाभ र औरही गाउँपालिका/सार्वजनिक संस्थालाई हानिनोक्सानी पुऱ्याउने बदनियतले राष्ट्रसेवक प्रतिवादीहरुले आफ्नो जिम्मा रहेको सम्पत्ति हिनामिना, हानिनोक्सानी तथा दुरूपयोग गर्ने गराउने कार्य गरी गराई रु.६,७९,१२,३८३।९८ हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको पुष्टि भएकोले प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| **सि.नं.** | **नामथर, पद र कार्यालय** | **बिगो रु.** | **कसुर तथा सजायको मागदाबी** |
|---|---|---|---|
| १. | औरही गाउँपालिकाका तत्कालीन अध्यक्ष **ब्रहमदेव यादव** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन साथै, निज प्रतिवादी ब्रम्हदेव यादव सार्वजनिक संस्था औरही गाँउपालिकाको प्रमुख एवं अध्यक्ष भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लेखित माग दाबी बमोजिमको कसुर गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | औरही गाउँपालिकाका | रु.६,७९,१२,३८३।९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ |

| | | | |
|---|---|---|---|
| | तत्कालीन उपाध्यक्ष **मीरा देवी सहनी** | ८ | बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | औरही गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **सुवोध कुमार ठाकुर** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | औरही गाउँपालिका वडा नं. १ का वडा **अध्यक्ष आशेश्वर यादव** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| ५. | औरही गाउँपालिका वडा नं.२ का तत्कालीन वडा अध्यक्ष **अमित कुमार यादव** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | औरही गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष **गंगा प्रसाद यादव** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | | | २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| ७. | औरही गाउँपालिका वडा नं. ४ का तत्कालीन वडा अध्यक्ष **शिवनाथ साह** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| ८. | औरही गाउँपालिका वडा नं. ५ तत्कालीन **प्रमेश्वर कुमार मण्डल** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| ९. | औरही गाउँपालिका वडा न.६ का तत्कालीन वडा अध्यक्ष **दिलिप कुमार साह** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| १०. | औरही गाउँपालिकाका तत्कालीन ईन्जिनियर **सोनु साह** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी प्रतिबादीबाट हिनामिना हानीनोक्सानी एवं दुरूपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| ११. | औरही गाउँपालिकाका | रु.६,७९,१२,३८३।९ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ |

| | | | |
|---|---|---|---|
| | तत्कालीन सव-ईन्जिनियर **सन्तोष कुमार मण्डल** | ८ | बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| १२. | औरही गाउँपालिकाका सव-ईन्जिनियर **बिनित कुमार साह** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| १३. | औरही गाउँपालिकाका तत्कालीन खरिदार **मोहन कुमार मण्डल** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| १४. | औरही गाउँपालिकाका तत्कालीन खरिदार **मनोज कुमार यादव** | रु.६,७९,१२,३८३।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन मागदावी लिइएको छ। |
| १५. | लुम्बिनी/डि. एण्ड एन. जे.भी तथा डि.एण्ड एन. बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक **दिपेन्द्र कुमार ठाकुर** (हाल मधेश प्रदेशका प्रदेश सभा सदस्य) | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण |

| | | | |
|---|---|---|---|
| | र लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक **बिष्णु प्रसाद शर्मा** | | ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना र सोही ऐनको दफा १७ बिमोजिम विगो असुल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल